# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७५

## अपिहिमाल गाउँपालिका
दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं. ७४२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलत: पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः२०७५।७६
च.नं. २९९
श्री प्रमुखज्यू,
अपिहिमाल गाँउपालिका,दार्चुला ।

मितिः २०७५।१२।१२

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट अपिहिमाल गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु ६७ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु ४ लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३५ लाख १ हजार र पेश्की रु. १९ लाख ४४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना सात (७) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)

नायव महालेखापरीक्षक

# अपिहिमाल गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। ७ नं. प्रदेशमा अवस्थित यो गाँउपालिका अन्तर्गत ६ वडा, ३१ गाँउ सभा सदस्य, ६१३.९५ वर्ग कि.मी.क्षेत्रफल र ६७७९ जनसंख्या रहेको छ।

**स्थानीय संचितकोष:** आर्थिक वर्ष २०७४।०७५ को स्थानीय संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | गत वर्षको जिम्मेवारी | | ६५७४६८६.६६ | १ | चालु खर्च | | ८६२७५१७२.०० |
| | क) नगद | ०.०० | | २ | पूँजीगत खर्च | | ४३६४६६९०.०० |
| | ख) बैंक | ६५७४६८६.६६ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | ०.०० |
| २ | राजस्व (आन्तरिक आय) | | ५००६८२.०० | | क) ऋण भुक्तानी | ०.०० | |
| | क) आन्तरिक राजस्व | ५००६८२.०० | | | ख) ब्याज भुक्तानी | ०.०० | ० |
| | ख) राजस्व बाँडफाँड | ०.०० | | | ग) अन्य भुक्तानी | ०.०० | ० |
| | ग) अन्य आय | ०.०० | | ४ | लगानी | | ० |
| ३ | वित्तीय हस्तान्तरण | | १७५०५००००.०० | | ऋण लगानी | ४५००००.०० | ४५००००.०० |
| | क)वित्तीय समानीकरण अनुदान | १११७०८०००.०० | | | शेयर लगानी | ०.०० | ० |
| | ख) सशर्त अनुदान | ४८९११०००.०० | | | अन्य लगानी | ०.०० | ० |
| | ग) समपूरक अनुदान | ०.०० | | ५ | धरौटी फिर्ता | | ०.०० |
| | घ) विशेष अनुदान | १४४३१०००.०० | | ६ | कोष खर्च | | ०.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६९०००.०० | ७ | मौज्दात | | ५२१४१३४२.२९ |
| | क)वित्तीय समानीकरण अनुदान | ०.०० | | | क) नगद मौज्दात | ०.०० | |
| | ख) सशर्त अनुदान | ०.०० | | | ख) बैंक मौज्दात | ५२१४१३४२.२९ | |
| | ग) समपूरक अनुदान | ०.०० | | | | | |
| | घ) विशेष अनुदान | ६९०००.०० | | | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १३००००.०० | | | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | ०.०० | | | | |
| | क) ऋण प्राप्ति | ०.०० | | | | | |
| | ख) साँवा प्राप्ति | ०.०० | | | | | |
| | ग) ब्याज प्राप्ति | ०.०० | | | | | |
| | घ) अन्य प्राप्ति | ०.०० | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | ०.०० | | | | |
| ८ | जनसहभागिता (नगद) | | ०.०० | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | ०.०० | | | | |
| १० | धरौटी आय | | १४६०००.०० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | ०.०० | | | | |
| १२ | अन्य विविध आय | | ४२८३६.०० | | | | |
| | जम्मा | १८२५१३२०४.६६ | १८२५१३२०४.६६ | | जम्मा | १८२५१३२०४.६६ | १८२५१३२०४.६६ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्विकृत भएको ७ दिन भित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानुन वमोजिम खर्च गर्न अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाऊँ सभाका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिएको देखिएन । प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाई कार्यक्रम र वजेट सहित खर्च गर्ने अख्तियारी दिएको देखिएन । गाँउसभाले २०७४।५।२५ मा बजेट स्वीकृत गरेको भए पनि अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरेको देखिएन । | |
| २. | **वजेट पेश गर्ने र पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय -व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । आ.व.२०७४।७५ को पहिलो गाऊँ सभा (मिति:२०७४।५।२५)मा भएकोले समयमा बजेट पारित हुनुपर्दछ । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाऊँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरेको नदेखिएको तथा २०७४।७५ को आन्तरिक लेखापरीक्षण गराएको पाईएन । | |
| ४. | **श्रोत अनुमान र वजेट सीमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाऊँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा गाऊँपालिकाको श्रोत अनुमान तथा सिमा निर्धारण गर्न ४ सदस्यीय समितिको गठन भएको पाईएन । | |
| ५. | **आन्तरिक ऋणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ वमोजिम गाऊँपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । गाऊँपालिकाले यो वर्ष ऋण लिएको पाईएन । तर एक चौलानी कृषक समुह सहकारी संस्थालाई गो.भौ.नं.८२, २०७४।१२।५ मा रु.४,५०,०००।०० ऋण दिएको पाईयो । नुनको डिपो सञ्चालन गरे वापत सो ऋणको व्याज मिनाहा हुने गरि कार्यपालिकाको निर्णय भएको पाईयो । स्थानीय निकायले अन्य संघ संस्थालाई ऋण दिन पाउने व्यवस्था नदेखिएको रु. | ४५००००/- |
| ६. | **लक्ष्य प्रगतिको स्थितिः** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीय आयोजनामध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसुची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । | |
| ७. | **बैंक हिसावः** कार्यालयको खाता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको खाता हिसाव अनुसार मौज्दातमा रु.५२१४१३४२।२९ देखाएको छ । बैंक स्टेटमेन्ट ( आषाढ मसान्त) अनुसार स्थानीय तह सञ्चितकोषमा रु.३१४८९९११।६६, चालू खर्चमा | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | रु.९२८२२०४। पूँजीगत खर्चमा रु.१४७०९९२०।६० र धरौटीमा रु.४६०००। समेत जम्मा रु.५५५२८०३६।२९ मौज्दात देखिन्छ । कार्यालयको हिसाव र बैंक हिसावमा रु.३३८६६९४। फरक परेकोले हिसाव मिलान हुनुपर्ने रु. | ३३८६६९४/- |
| ८. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ वमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कूल खर्च रु.३९३१४ हजार मध्ये प्रथम चौमासिकमा रु.१०५० हजार (२.६७ प्रतिशत), दोश्रो चौमासिकमा रु.२९७४ हजार (७.५७ प्रतिशत) र तेश्रो चौमासिकमा रु. ३५२८९ हजार (८९.७६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा रु.२६६७८ हजार (६७.८६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ९. | **कर्मचारी व्यवस्था:** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाऊँपालिकामा रहने कर्मचारी दरवन्दी १७ रहे पनि पदपूर्ति १२ रहेको देखियो । १ अधिकृत सहित ५ पद रिक्त रहेका छन । ती मध्ये ३ जना करारमा राखी कार्य सञ्चालन गरिएको छ । दरवन्दी अनुसारको कर्मचारीको पदपूर्ति गरी सेवा प्रवाह गर्नुपर्दछ । | |
| १०. | **राजश्व अभिलेख:** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजश्वको आम्दानीको निर्णय देखि असूली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । सबै सिफारिस, नाता प्रमाणित, दर्ता लगायतका नगदी रसिद र आम्दानी खाता उपलब्ध हुन नसकेकोले यसवाट स्थानीय तहको वास्तविक राजश्व असूली र दाखिला एकिन हुन सकेन । वर्तमान स्थानीय तहवाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ११. | **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाऊँपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ आषाढ मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाऊँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १२. | **अग्रिम कर:** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाऊँपालिकाको भवन मर्मत गरेवापत गो.भौ.नं.२२,२०७४।१२।२२ मा रु.९,१५,४६२।०० दिलीप सिंह रोकायालाई भुक्तानी गरेकोमा नियमानुसार आयकर वापत १.५ प्रतिशतले रु.१३,७३२।०० कट्टा गरी भुक्तानी दिनु पर्नेमा कट्टा नगरी भुक्तानी दिएकोले कट्टा गर्न बाँकी रु.१३,७३२।०० असुल गर्नु पर्ने रु. | १३७३२/- |
| १३. | **विल बेगर भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गो.भौ.३२२,२०७५।३।२६ मा इन्टरनेट जडान खर्चको भुक्तानीमा महेश कुमार भट्टले पेश गरेको हवाई जहाज टिकट रु.९,६५०।०० मा काठमाण्डौं देखि धनगढी सम्मको बोर्डिङ पास संलग्न नरहेको रु. | ९६५०/- |
| १४. | आय कर ऐन,२०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत(कर विजक पेश नभएकोमा) कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको कामको शुल्क भुक्तानी | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गरेकोमा कर कट्टी गरी भुक्तानी गरेको देखिएन । तसर्थ कर कट्टी गर्न नपर्ने प्रमाण पेश गर्ने अन्यथा १५ प्रतिशतले हुने रकम असूल गरी कर दाखिला हुनुपर्ने रु. | ५६९९१/- |

| गो.भौ.नं./मिति | कामको विवरण | भुक्तानी लिनेको नामथर | भुक्तानी रकम | १५ प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| ९/०७४/९/१३ | विभिन्न योजनाहरुको सर्भेक्षण | अ.सई. केशव प्रसाद पौडेल | २०५८७६ | ३०८०१/- |
| १३क/०७५/१०/२६ | कानूनीको मस्यौदा,नियम कानून तयार वापत | जिल्ला वार ईकाई,दार्चुला | १७४६०० | २६१९०/- |
| | | | | ५६९९१/- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १५. | मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ (१) बमोजिम करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ । यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भएतापनि पेश गर्नु पर्ने उल्लेख छ । निम्नानुसार आपूर्तिकर्ताले पेश गरेको कर विजकको स्थायीलेखा नम्बर आन्तरिक राजश्व विभागको वेभ साइटमा पान सर्च हेर्दा निजहरुले २०७५ आषाढको मू.अ.कर समायोजन गरेको देखिदैन अतः सो कर समायोजन हुनु पर्ने रु | ११३८३४/- |

| गो.भौ.नं./मिति | आपूर्तिकर्ता | स्थायी लेखा नं. | विवरण | वील रकम | मू.अ.कर | कैफीयत |
|---|---|---|---|---|---|---|
| १४/०७४/११/२७ | उग्रतारा ट्रेडिङ्ग हाउस | ३००५१२९३८ | ल्यापटप खरिद | ४३३६५०/- | ५६३७४/- | २०७५ आषाढ देखि ननफइलर |
| १६/०७४/११/१७ | उग्रतारा ईनर्जी कैलाली | | फर्निचर खरिद | ४४२०००/- | ५७४६०/- | २०७५ आषाढ देखि ननफइलर |
| | | | | | ११३८३४/- | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १६. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४७(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने र उपनियम २ बमोजिम लगत खडा गरिएको मालसामानको जिम्मा लिने कर्मचारी समेत तोक्ने उल्लेख भएको छ । नियम ५० बमोजिम कार्यालय प्रमुखले एक वर्षमा एक पटक जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिने व्यवस्था समेत भएकोमा यस कार्यालयबाट खरिद भएका मूल्यवान जिन्सी मालसामान ल्यापटप,कम्प्यूटर,प्रिन्टर,स्टिल दराज समेत दाखिला नगरेको दाखिला गरेकोमा खरिद मूल्य उल्लेख नगरेको माग फाराम अनुसार खर्च जनाई मौज्दात घटाएको जिन्सी खाता थोत्रो पाना छुट्टीएको,खाता प्रमाणित नभएको,जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेको देखिएकोले नियमावलीमा व्यवस्था भए अनुसार जिन्सी खाता अद्यावधिक गरी जिन्सी मालसामानको संरक्षण संभार हुनुपर्दछ । उदाहरणार्थ निम्नानुसार उल्लेख गरिएको छ । | |

| गो.भौ.नं./मिति | विवरण | परिमाण | रकम |
|---|---|---|---|
| १०/०७४/९/१४ | सोफा सेट | १ थान | १२९९५/- |
| १०/०७४/९/१४ | कुर्सी | २० थान | १६०००/- |
| ११/०७४/९/१४ | ल्यापटप आई फाइभ | १ थान | १३११०/- |
| ०७४/१२/६ | ल्यापटप | १ थान | ९७२४५/- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ०७४/१२/८ | ल्यापटप | १ थान | ८४९४५/ |
| ०७५/१/३० | ल्यापटप | १ थान | १३०८५८/- |
| १४/०७४/११/२७ | ल्यापटप | ३ थान | २३६६२२/- |
| १४/०७४/११/२७ | प्रिन्टर | २ थान | ६७३४८/- |
| १४/०७४/११/२७ | डेल डेस्कटप | २ थान | १३५१४८/- |
| १४/०७४/११/२७ | क्यानन क्यामरा २०.१ एम.पी. | १ थान | २८०२४/- |
| १४/०७४/११/२७ | ल्यापटप कम्प्यूटर समेत | - | ४९००२४/- |
| १५/०७४/११/२७ | सोफा सेट स्टिल दराज | - | ३५४१४४/- |
| १७/०७४/११/२७ | सिलिन्डर | २ थान | १७०८०/- |
| १७/०७४/११/२७ | पानी टंकी | ३ थान | २१००१/- |
| १७/०७४/११/२७ | सोलार प्यानल | १ थान | ४८२००/- |

उपरोक्त सामानहरु जिन्सी खातामा मूल्य नखुलाई आर्थिक रुपमा आम्दानी गरेको तथा माग फाराम अनुसार घटाई मौज्दात सून्य गरेको छ । ल्यापटप गत वर्षको मौज्दात २ वटा यस वर्ष खरिद १० वटा गरी १२ वटामा मौज्दात घटाई सून्य मौज्दात गरेको छ । तसर्थ खर्च नहुने जिन्सी मालसामान मूल्य समेत खुलाई मौज्दात घटाएकोमा पुन आम्दानी गरी मौज्दात कायम गरी राख्नु पर्दछ ।

१७. **बढी निकासा सम्बन्धमा:** प्रथम,दोस्रो तथा तेस्रो चौमासिक रुपमा कार्यालयबाट प्राथमिक, नि.मा.वि., मा.वि तथा उच्च मा.वि. सामुदायिक विद्यालयका शिक्षकहरु तथा कर्मचारीहरुको अद्यावधिक अभिलेखसँग भिडान गरेर मात्र चौमासिक निकासा दिनुपर्ने व्यवस्था छ । देहाय कमोजिमका विद्यालयहरुको माग गरेको अर्थात पाउने रकम भन्दा बढी रु.७७४०००। निकासा दिईएकोले स्पष्ट गर्नुपर्ने अन्यथा फिर्ता लिई दाखिला गर्नुपर्ने रु — रकम: ७७४०००/-

| विद्यालयको नाम /ठेगाना | कार्यालयबाट निकासा रकम | माग फाराम अनुसारको रकम | बढी निकासा रकम |
|---|---|---|---|
| श्री खण्डेश्वरी मावि क्षेत्ती | ७४५००००/- | ६८०८०००/- | ६४२०००/- |
| श्री सिद्धिनाथ आ.वि. | ११४७०००/- | १०१५०००/- | १३२०००/- |
| जम्मा | ८५९७०००/- | ७८२३०००/- | ७७४०००/- |

१८. निजामती सेवा ऐन, २०४९ को दफा ७ ख२ तथा स्वास्थ्य नियमावली, बमोजिम को.ले.नि.का. बाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । अपि हिमाल गाँउपालिकाले यो वर्ष स्वास्थ्य तर्फको देहायकबमोजिम तलव खर्च लेखेकोमा सो व्यवस्थाको परिपालना तथा कार्यान्वयन गरेको देखिएन ।तसर्थ ऐन तथा नियमावलीको पालनामा उचित ध्यान दिनु पर्दछ ।

| व.उ.शी.नं. | कार्यालयको नाम,ठेगाना | तलव खर्च रकम |
|---|---|---|
| स्वास्थ्य तर्फ | अपि हिमालका स्थित स्वास्थ्य संस्था | ४१९७१९५/- |

१९. **कार्य सम्पन्न बाँकी योजना:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ उपभोक्ता समितिले २०७५ आषाढ सम्म निर्माण सम्पन्न गर्ने पेश्की लिई जिम्मा लिएका रु. ३२३३१९२/- विनियोजन भएका देहायका योजनाहरु निर्माण सम्पन्न नभई २०७५ आषाढ सम्म अधुरो रहेको देखियो । ती योजनाको भौतिक प्रगति पनि खुल्न आएन ।

| सम्झौता मिति | योजनाको विवरण | विनियोजित रकम |
|---|---|---|
| २०७४।११।२१ | सुर्मा भवनी मन्दिर निर्माण | २०९४१९२/- |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२०७४।१२।२९</td><td>भुमिराजमाण्डौं भवन निर्माण</td><td>५०००००/-</td></tr>
<tr><td>२९७५।०१।१२</td><td>खण्डेश्वरी कृषि विकास समिति आलु पकेट विकास कायक्रम</td><td>१३९०००/-</td></tr>
<tr><td>२०७५।०१।०६</td><td>कोल्ड स्टोर निर्माण</td><td>३०००००/-</td></tr>
<tr><td>२०७४।०९।११</td><td>धड्कन खानेपानी मर्मत योजना</td><td>२०००००/-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२३३१९२/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.</td><td>पेश्की: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । कार्यालयबाट पेश भएको पेश्की बाँकीको विवरण अनुसार कर्मचारी पेश्की रु.२५००००। र संस्थागत पेश्की रु.१६९४०००। बाँकी देखिएको छ । सो पेश्की फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><th>पेश्की गएको मिति</th><th>पेश्की लिनेको विवरण</th><th>रकम</th></tr>
<tr><td>२०७४/१२/४</td><td>सामुदायिक रेडियो सारथी एफ.एम.</td><td>१४१०००/-</td></tr>
<tr><td>२०७४/१२/८</td><td>श्री भवानी आधारभूत विद्यालय</td><td>१५००००/-</td></tr>
<tr><td>२०७४/५/२१</td><td>संजिव अवस्थी</td><td>२०००००/-</td></tr>
<tr><td>२०७४/७/१७८</td><td>मानसिंह बोहरा</td><td>५००००/-</td></tr>
<tr><td>-</td><td>साकार खा.पा.उ</td><td>१२३०००/-</td></tr>
<tr><td>२०७४/१२/९</td><td>लटिनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>६०००००/-</td></tr>
<tr><td>-</td><td>भूमिराजमाण्डौ भवन निर्माण उ.स</td><td>१५००००/-</td></tr>
<tr><td>२०७५/२/२२</td><td>भिमसिंह निर्माण सेवा</td><td>५३००००/-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९४४०००/-</td></tr>
</table>
</td><td>१९४४०००/-</td></tr>
<tr><td>२१.</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा अनुसूची १ मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>बेरुजु : अपिहिमाल गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने बेरुजु रु.८ लाख ५४ हजार ,अनियमित बेरुजु रु.४ लाख ५० हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.३५ लाख १ हजार र पेश्की बाँकी देखिएको रु.१९ लाख ४४ हजार समेत रु.६७ लाख ४९ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>अनुगमन तथा मूल्याङ्कन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत बर्षको वेरुजु फछ्र्यौट गरेको देखिएन । गत वर्षको वेरुजू स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम रु.(क)</th><th>यो वर्ष फछ्र्यौट रु.(ख)</th><th>बाँकी रु. (ग = क-ख)</th></tr>
<tr><td>३३५,९५०.००</td><td>०</td><td>३३५,९५०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.</td><td>अद्यावधिक बेरुजु स्थिति: अपिहिमाल गाऊँपालिकाको आर्थिक वर्ष २०७४।०७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | रकम |
|---|---|---|---|---|---|
| | गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु. (ग) | यो वर्षको सं.प.बाट कायम बेरुजु रु (घ) | यो वर्षमा कायम बेरुजु रु. (ङ) | बाँकी ( च=ग+घ+ङ) | |
| | ३३५,९५०.०० | ० | ६७४८९०१/- | ७०८४८५१/- | |

अनुसूची– १

# अपिहिमाल गाँउपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | दार्चुला | अपिहिमाल गाँउपालिका | १५ | ८ | ६७४९ | ० | ० | ० | १५ | ८ | ६७४९ | ८५४ | ४५० | ३५०१ | ० | ० | ४८०५ | २५० | १६९४ | १९४४ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | अपिहिमाल गाँउपालिका | दार्चुला | ६५७५ | १११७०८ | ६३३४२ | ८८८ | १७५९३८ | ८६२७५ | ४३६४७ | ४५० | १३०३७२ | ५२१४१ |